**दोगडाकेदार गाउँपालिका**
बैतडी, सुदूपश्चिम प्रदेश, नेपाल

# दोगडाकेदार गाउँपालिकाको राजपत्र

## दोगडाकेदार गाउँपालिकाबाट प्रकाशित

**खण्डः ६ संख्याः ४ सम्बत् २०७९ फागुन १२ गते**

**भाग-२**

## दोगडाकेदार गाउँपालिका

## उच्च शिक्षा अध्ययन छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०७९

प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरि सर्वसाधारणको जानकारिको लागी प्रकाशन गरिएको छ ।

दोगडाकेदार गाउँपालिका, बैतडी

## दोगडाकेदार गाउँपालिका

# उच्च शिक्षा अध्ययन छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७९।११।१०
परमाणिकरण मिति : २०७९।११।११

**प्रस्तावना :**

यस दोगडाकेदार गाउँपालिका अन्तर्गत स्थायी ठेगाना भई सामुदायिक विद्यालयबाट कक्षा १२ सम्मको अध्ययन पुरा गरेका आर्थिक रुपमा विपन्न विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्ति प्रदान गर्ने कार्यलाई आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्चछेद १
## प्रारम्भिक

**१.**संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम उच्च शिक्षा अध्ययन छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०७९ रहने छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. विषय वा प्रशङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क.गा.पा. भन्नाले दोगडाकेदार गा.पा. भन्ने सम्झनुपर्छ ।

ख.कार्यपालिका भन्नाले दोगडाकेदार गाउँपालिका गाउँकार्यपालिका भन्ने जनाउँछ ।

ग.समिति भन्नाले छात्रृत्ति सिफारिस समिति भन्ने सम्झनुपर्छ ।

घ.अध्यक्ष भन्नाले गा.पा. अध्यक्ष भन्ने सम्झनुपर्छ ।

ङ. प्रमुख भन्नाले प्रमुख प्रशासकीय अधिकृत भन्ने सम्झनुपर्छ ।

च. शाखा प्रमुख भन्नाले शिक्षा शाखा प्रमुख भन्ने सम्झनुपर्छ

छ. छात्रवृत्ति भन्नाले उच्च शिक्षा अध्ययन प्रोत्साहन छात्रवृत्ति भन्ने सम्झनु पर्छ।

ज. संयोजक भन्नाले छात्रवृत्ति सिफारिस समितिको संयोजक भन्ने सम्झनुपर्छ ।

## परिच्छेद २

## छात्रवृत्ति व्यवस्थापन तथा सिफारिस समिति

३. कक्षा १२ सम्म सामुदायिक विद्याबाट पुरा गरेका र आर्थीक रुपमा विपन्न विद्यार्थीहरुलाई छात्रवृत्तिको लागि सिफारिस गर्ने कार्यलाई व्यवस्थित र निर्देशित गर्न तपसिल अनुसारको एक छात्रवृत्ति व्यवस्थापन तथा सिफारिस समिति गठन गरिनेछ :

क.गा.पा. अध्यक्ष संयोजक

ख.गा.पा.उपाध्यक्ष सदस्य

ग. कार्यपालिका सदस्य एक जना महिला सहित ३ जना सदस्य

घ. प्रमुख प्रशासकीय अधिकृत सदस्य

ङ.शिक्षा शाखा प्रमुख सदस्य सचिव

४. छात्रवृत्ति सिफारिस समितिका कार्यहरुः १. छात्रवृत्ति व्यवस्थापन तथा सिफारिस समितिले तपसिलका कार्यहरु गर्नेछ :

क. छात्रवृत्ति प्रदान गर्ने प्रयोजनको लागि योग्य विद्यार्थी छनौट गर्ने प्रयोजनको लागि सूचना जारी गर्ने ।

ख. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु छनौट गर्ने ।

ग. छनौट गरेका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नको लागि कार्यपालिका समक्ष सिफारिस गर्ने ।

घ. छात्रृत्तिको लागि योग्य विद्यार्थी छनौट गर्ने अन्य प्रकिया समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**परिच्छेद ३**

## छात्रवृत्ति प्रदान गर्ने आधार र समुह

५ . **छात्रवृत्ति प्रदान गर्ने आधार : (१)** तपसिलको योग्यता पुगेका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने प्रयोजनको लागि छनौट गरिने छ :

क.सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा (कक्षा १० वा १२) सम्मको अध्ययन पुरा गरेको ।

ख.सम्बन्धित उच्च शिक्षा प्रदायक संस्थामा प्रबेश परीक्षा उत्तीर्ण गरेको ।

ग. पारिवारिक वार्षिक आय २ लाख भन्दा कम भएको ।

घ. प्रायोजन गर्ने सम्बन्धमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।



दोगडाकेदार गाउँपालिका, बैतडी

६.**छात्रवृत्ति प्रदान गर्ने समुहः (२)** उच्च शिक्षा अध्ययन प्रोत्साहन छात्रवृत्ति तपसिलबमोजिमका समुह हरुलाई प्रदान गरिने छः

क.इन्जिनियरिङ(Civil, Mechanical, Geo Teach,Electrical,Architectural Engneering)

ख.MBBSअध्ययन

ग. शिक्षा

घ.कृषि

ङ.विज्ञान

## परिच्छेद ४
## छात्रवृत्ति रकम सम्बन्धी व्यवस्था

६. क)छात्रवृत्तिको कुल रकम गाउँ सभाबाट पारित बजेट तथा कार्यक्रमको आधारमा गाउँ कार्यपालिकाले तोके बमोजिमहुनेछ।

ख) छात्रवृत्तिको लागि सिफारिस भएका विद्यार्थीले उल्लिखित रकमको आधा रकम छात्रवृत्ति प्राप्त गर्नु भन्दा अगावै गाउँपालिकाको खातामा जम्मा गर्नु पर्नेछ।

ग) उपदफा (ख) बमोजिम गाउँपालिकाको खातामा जम्मा भएको रकममा बाँकी रकम गाउँपालिकाले थप गरी उपदफा (क) बमोजिमको छात्रवृत्ति रकम प्रायोजन गर्ने छ।

घ) उपदफा (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए पनि छात्रवृत्ति पूर्ण रुपमा गाउँपालिकाले प्रायोजन गरेको मानिने छ।

## परिच्छेद ५
## प्रतिबेदन सम्बन्धी व्यवस्था

७. (क) छात्रवृत्ति प्राप्त गरेको विद्यार्थीले अध्यन पुरा गरेको २ महिना भित्र अनुसूची १ बमोजिमको प्रतिबेदन गा.पा.समक्ष पेश गर्नु पर्ने छ।

## परिच्छेद ६

## बचाउ र खारेजी

९. यस कार्यविधिमा आवश्यक शंसोधन गर्ने र खारेजी गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित रहने छ।

अनुसूची १

दफा ७ सँग सम्बन्धित

श्रीमान् कार्यालय प्रमुखज्यू
दोगडाकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैतडी ।

विषयः प्रतिवेदन पेश गरेको बारे ।

........................................बाट छात्रवृत्तिमा छनौट भई .................................संस्थाको छात्रवृत्तिमा वि.स...................मा ..................विषय अध्ययन / तालिम गर्न गएकोमा सो अध्ययन सम्पन्न गरेकोले निम्न विवरण सहितको यो प्रतिबेदन पेश गरेको छु ।

१.प्रतिबेदन पेश गर्नेको नामः...................

२. ठेगानाः

३. अध्ययनको विषयः

४.अध्ययन वा तालिममा गएको संस्थाः

५.हासिल गरेको शैक्षिक योग्यताः

६. अध्ययन समाप्त भएको मितिः

७. अध्ययन गरेको पाठ्यक्रमः

८. अध्ययनको खर्च :

९. अध्ययन अवधीभर कुनै मान, पदवी, पुरुस्कार प्राप्त गरेको भए सो को विवरण (प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्ने )

१०. अध्ययनको उपलब्धिः



दोगडाकेदार गाउँपालिका, बैतडी

११. अध्यन पश्चात यस गा.पा.लाई दिन सक्ने योगदानः

..................

निवेदक

दोगडाकेदार गाउँपालिका, बैतडी